SAMYE

# जा पाट्रुल रिन्पोछेको सार उपदेश



तस्बिर: सेछेन् गुम्बाबाट प्राप्त

नजिक तथा टाढा रहनु भएका प्रिय मित्रहरू,

आशा छ सधैँ झैँ यस पत्रले तपाईँलाई खुसी र स्वास्थ्य पाउने छ। आजको यस गुरु रिन्पोछे दशमीमा तपाईँहरू सामु उन्नाइसौँ शताब्दीका जोग्छेन् (महासन्धि) परम्पराका असाम्प्रदायिक गुरु जा पाट्रुल रिन्पोछेको उपदेशका केही पङ्क्तिहरू प्रस्तुत गर्न चाहन्छु।

यी सारगर्भित श्लोकहरूले बौद्ध शिक्षाको मूल तत्त्वलाई आत्मसात् गर्दछन्। यसले मेरो अभ्यास र व्यक्तिगत विकासको लागि पनि फाइदा पुगेको छ। म तपाईँहरूलाई सचेत पार्न चाहन्छु कि यस्तो

गहन धर्म शिक्षाहरू प्राप्त गर्ने मात्र होइन, आफैँलाई धर्ममा ढाल्ने प्रयास पनि गर्नुपर्छ। धर्म शिक्षा प्राप्त गरेर मात्र पुग्दैन आफैँलाई धर्ममा परिणत गर्न सक्नुपर्छ। महान जोग्छेन् गुरु बताउनुहुन्छ, शिक्षा जोग्छेन् भए पनि यदि व्यक्ति जोग्छेन् होइन भने यसले कुनै हित गर्न सक्दैन। अभ्यासकर्ता स्वयं पनि जोग्छेन् नै हुन जरुरी छ।

त्यसैले यस हरफ बारे चिन्तन गर्न केही समय लिनुहोस्:

> मनलाई तालिम गर, मनलाई तालिम गर, यो तिम्रो मनलाई तालिम गर।
> जब आफ्नो मनलाई बोधिचित्तले युक्त भई तालिम दिन्छौ,
> तब तिमीले शरीर वा वचनद्वारा कुनै एउटा पनि कुशल कर्म सिद्ध नगरे पनि,
> परहित र स्वहित अनायास नै पूर्ण हुनेछ।

थप:

> मन तह लगाऊ, मन तह लगाऊ, मनलाई धर्मले तह लगाऊ।
> जब चार चित्त निवृत्तिले तिमीले मन तह लाग्छ,
> तब तिमीले दृष्टि, भावना, जप,
> तथा उत्पन्न र सम्पन्न क्रममा महारत नै हासिल नगरे पनि,
> तिमी मुक्तिको मार्गबाट बरालिने छैनौं।

अनि:

> तिमीले उत्पन्नक्रम, सम्पन्नक्रम र समाधिमा महारत नै प्राप्त गरेता पनि,
> यदि त्यो बोधिचित्तको शुद्ध निश्चय सँग समिश्रित छैन भने,
> यसले भ्रामक सांसारिक अनुभवमा फेरी जन्म लिनुको सिवाय,
> तिमीलाई सर्वज्ञता सम्म पुर्याउन मद्दत गर्नेछैन।

कृपया यी आधारभूत उपदेशहरूलाई मनमा राख्नुहोस्।

तपाईँहरू जहाँसुकै हुनु भए पनि, मेरो धेरै माया!

सर्व मङ्गलम्



फाग्छोग रिन्पोछे